
# ठोरी गाउँपालिकाको

# स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## (LDPRP) - २०८३




**स्थानीय विपद् व्यस्थापन समिति**

**ठोरी गाउँपालिका, पर्सा**

**मधेश प्रदेश**

# १. पृष्ठभूमि तथा परिचय (Background and Introduction)

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

ठोरी गाउँपालिका मधेश प्रदेश अन्तर्गत पर्सा जिल्लाको सुदूर पश्चिम क्षेत्रमा अवस्थित एक सामरिक र भौगोलिक रूपमा विशिष्ट स्थानीय तह हो। यसको कूल क्षेत्रफल १२८.७ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको सीमाना पश्चिमतर्फ चितवन राष्ट्रिय निकुञ्ज, उत्तरतर्फ चितवन जिल्लाको माडी क्षेत्र र दक्षिण तथा पूर्वतर्फ छिमेकी राष्ट्र भारतसँग जोडिएको छ। चुरे पहाडको काखमा अवस्थित हुनु र वन क्षेत्रले घेरिनुले यहाँको प्राकृतिक सौन्दर्य बढाए तापनि भौगोलिक संवेदनशीलताका कारण यो क्षेत्र विभिन्न प्राकृतिक प्रकोपको जोखिममा रहेको छ।

## १.२ जनसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ (२०२१) को अन्तिम तथ्याङ्क अनुसार ठोरी गाउँपालिकाको कुल जनसंख्या १७,२१९ रहेको छ। जनसाङ्ख्यिक विश्लेषण निम्न अनुसार छः

**लिङ्गका आधारमा जनसंख्या विवरणः**

**कुल जनसंख्याः** १७,२१९

- पुरुषः ८,०७९ (४६.९१%)
- महिलाः ९,१४० (५३.०९%)

**उमेर समूहका आधारमा वर्गीकरणः**

- बालबालिका (०-१४ वर्ष): ४,०७९ (२३.६९%)
- सक्रिय उमेर समूह (१५-६४ वर्ष): ११,३७० (६६.०३%)

- ज्येष्ठ नागरिक (६५ वर्ष माथि): १,७७० (१०.२८%)

### १.३ प्राकृतिक स्रोत र खोला प्रणाली

ठोरी गाउँपालिका जलस्रोत र वन पैदावारमा धनी छ। यहाँको मुख्य खोला प्रणालीमा **अमुवा, झिङ्गे, ठुट्टे, ओडार, ओरिया खोला** रहेका छन्। यी खोलाहरू चुरे पहाडबाट सिधै बग्ने हुनाले वर्षायाममा 'फ्ल्यास फ्लड' (Flash Flood) को उच्च जोखिम रहन्छ। यस ठोरी गाउँपालिकामा मूख्य तथा साना खोलाहरुले वर्षायाममा खेतीयोग्य जमिन कटान गर्ने र तटीय बस्तीहरूमा क्षति पुऱ्याउने गरेको छ।

### १.४ योजनाको उद्देश्य र औचित्य

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका ३ मुख्य उद्देश्यहरू निम्न रहेका छन्:

१. विपद्को समयमा हुनसक्ने मानवीय र भौतिक क्षतिलाई न्यूनीकरण गरी ठोरी गाउँपालिकाका नागरिकको जीवन रक्षा गर्नु।

२. स्थानीयस्तरमा उपलब्ध मानवीय, भौतिक र वित्तीय स्रोतहरूको पूर्व-नक्साङ्कन गरी प्रतिकार्य कार्यलाई व्यवस्थित, एकीकृत र छिटो छरितो बनाउनु।

३. 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४' बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिको संस्थागत क्षमता सुदृढ गरी क्षेत्रगत क्लस्टरहरूको भूमिका स्पष्ट पार्नु।

## २. विपद् जोखिम विश्लेषण (Disaster Risk Analysis)

### २.१ मुख्य प्रकोपहरूको पहिचान र प्राथमिकीकरण

ठोरी गाउँपालिकामा रहेका मुख्य ५ वडाहरू (वडा नं. १ देखि ५ सम्म) को भौगोलिक बनोट र विगतका घटनाका आधारमा प्रकोपहरूको प्राथमिकीकरण गरिएको छ:

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

| प्रकोपको नाम | प्रभावित हुनसक्ने क्षेत्र/वडा | जोखिमको स्तर |
|---|---|---|
| बाढी तथा डुबान | अमुवा, झिङ्गे, ओडार, ठुट्टे, ओरिया खोला तटीय क्षेत्र (वडा नं. १, २, ३, ४ र ५) | उच्च |
| वन्यजन्तु आतंक | निकुञ्ज र वन क्षेत्रसँग जोडिएका (वडा नं. १, २, ३, ४ र ५ का बस्तीहरू) | उच्च |
| सर्पदंश | सम्पूर्ण गाउँपालिका क्षेत्र (विशेष गरी तराईका समथर भूभाग) | मध्यम-उच्च |
| भूकम्प | सम्पूर्ण गाउँपालिका क्षेत्र (संरचनागत संवेदनशीलताका आधारमा) | मध्यम |
| शीतलहर/आगलागी | विपन्न र फुसको छानो भएका बस्तीहरू | मध्यम |

## २.२ ऐतिहासिक क्षति विवरण र प्रभाव विश्लेषण

विगतका वर्षहरूको तथ्याङ्क विश्लेषण गर्दा ठोरीमा ठुट्टे र ओरिया खोलामा आउने आकस्मिक बाढीले बर्सेनि सयौं बिघा कृषि भूमि कटान गरेको देखिन्छ। जंगली हात्ती र बाघको आक्रमणबाट मानवीय क्षतिका साथै बालीनालीमा ठूलो नोक्सानी हुने गरेको छ। बाटोघाटो र पुलपुलेसा नहुँदा वर्षायाममा वडा नं. १ र २ जस्ता क्षेत्रहरू गाउँपालिका केन्द्रबाट विञ्चित हुने अवस्था रहेको छ ।

### २.३ प्रकोप पात्रो (Hazard Calendar)

| महिना | मुख्य जोखिम | प्रशासनिक पूर्वतयारी |
|---|---|---|
| असार-भदौ | बाढी, डुबान, कटान, सर्पदंश | खोज तथा उद्धार टोली र राहत सामग्री तयारी |
| असोज-मंसिर | जंगली जनावर आतंक | वन क्षेत्रमा गस्ती र विद्युतीय तारवार अनुगमन |
| पुस-माघ | शीतलहर | विपन्न वर्गलाई न्यानो कपडा र इन्धन व्यवस्था |
| फागुन-जेठ | आगलागी, हावाहुरी, खडेरी | दमकल र खानेपानी ट्याङ्कर तयारी |

## ३. संस्थागत तथा कानुनी व्यवस्था (Institutional and Legal Framework)

### ३.१ स्थानीय विपद् व्यवस्थापन समिति (LDMC)

ठोरी गाउँपालिकामा गठित समितिको संरचना निम्न अनुसार छः

- **अध्यक्षः** गाउँपालिका अध्यक्ष
- **सदस्यः** ५ वटै वडाका वडा अध्यक्षहरू
- **सदस्य सचिवः** प्रमुख प्रशासकीय अधिकृत।

### ३.२ सम्बद्ध कानुनहरू

१. **नेपालको संविधानः** अनुसूची ८ बमोजिम विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको रूपमा स्थापित गरेको छ।

२. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४:** विपद् व्यवस्थापन कोषको स्थापना र आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालनको अधिकार प्रदान गरेको छ।

३. **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४:** स्थानीय तहलाई योजना निर्माण, राहत वितरण र खोज तथा उद्धारका लागि कानुनी म्यान्डेट प्रदान गर्दछ।

### ३.३ स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र (LEOC)

गाउँपालिका कार्यालयमा २४ सै घण्टा क्रियाशील रहने गरी LEOC को स्थापना गरिएको छ। यसले जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC) पर्सासँग प्रत्यक्ष समन्वय गरी सूचना सङ्कलन (IRA/MIRA) र स्रोत परिचालनको नेतृत्व गर्नेछ।

## ४. क्षेत्रगत प्रतिकार्य योजनाः ११ वटा क्लस्टरहरू

**(Cluster Response Plans)**

**१. समन्वय तथा सूचना व्यवस्थापनः**

- **अगुवा संस्थाः** गाउँपालिका कार्यालय/LEOC ।
- **सहयोगी संस्थाहरूः** नेपाल प्रहरी, सशस्त्र प्रहरी, रेडक्रस, पत्रकार महासंघ।
- **कार्यः** विपद्को सूचना संकलन र प्रवाहका लागि एसएमएस र साइरनको व्यवस्था गर्ने।

**२. खोज तथा उद्धारः**

- **अगुवा संस्थाः** जिल्ला प्रशासन कार्यालय (स्थानीय तहमा सुरक्षा निकाय)।
- **सहयोगी संस्थाहरूः** नेपाल सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, रेडक्रस, स्काउट।
- **कार्यः** रबर बोट, डोरी, लाइट र अन्य उद्धार सामग्रीसहितको 'क्विक रेस्पोन्स टीम' (QRT) तयारी राख्ने।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

३. खाद्य सुरक्षा, कृषि तथा जीविकोपार्जनः

- **अगुवा संस्थाः** कृषि ज्ञान केन्द्र/गाउँपालिका कृषि शाखा।
- **सहयोगी संस्थाहरूः** उद्योग वाणिज्य संघ, रेडक्रस, जिल्ला समन्वय समिति।
- **कार्यः** कम्तिमा ५०० परिवारलाई १५ दिनका लागि पुग्ने खाद्यान्न भण्डारण र सुरक्षित बिउबिजन बैंकको व्यवस्था।

**४. अस्थायी आवास तथा गैर-खाद्य सामग्री (NFRI):**

- **अगुवा संस्थाः** नेपाल रेडक्रस सोसाइटी, पर्सा।
- **सहयोगी संस्थाहरूः** सुरक्षा निकाय, सहरी विकास तथा भवन निर्माण विभाग, गैसस महासंघ।
- **कार्यः** त्रिपाल, ब्ल्याङ्केट र टेन्टको मौज्दात । सामुदायिक भवनहरूलाई आश्रयस्थलको रूपमा तयारी राख्ने।

**५. स्वास्थ्य तथा पोषणः**

- **अगुवा संस्थाः** स्वास्थ्य कार्यालय/गाउँपालिका स्वास्थ्य शाखा।
- **सहयोगी संस्थाहरूः** रेडक्रस, स्थानीय अस्पताल र निजी क्लिनिक।
- **कार्यः** ठोरी स्वास्थ्य चौकीमा सर्पदंश उपचार केन्द्र सुदृढीकरण र एम्बुलेन्स सेवा २४ सै घण्टा तयारी।

**६. खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH):**

- **अगुवा संस्थाः** खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय।
- **सहयोगी संस्थाहरूः** स्वास्थ्य कार्यालय, रेडक्रस, स्थानीय सहकारी।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

- **कार्यः** क्लोरिन झोल, खानेपानी शुद्धीकरण चक्की र अस्थायी शौचालयका लागि सामग्री मौज्दात।

**७. संरक्षण (Protection):**

- **अगुवा संस्थाः** जिल्ला समन्वय समिति/गाउँपालिका महिला विकास शाखा।
- **सहयोगी संस्थाहरूः** नेपाल प्रहरी (महिला सेल), अपाङ्ग संघ, ज्येष्ठ नागरिक मञ्च।
- **कार्यः** महिला, बालबालिका र ज्येष्ठ नागरिकका लागि छुट्टै सुरक्षित स्थान र हिंसा नियन्त्रण संयन्त्र।

**८. आपत्कालीन शिक्षाः**

- **अगुवा संस्थाः** शिक्षा विकास तथा समन्वय इकाई/शिक्षा शाखा।
- **सहयोगी संस्थाहरूः** शिक्षक महासंघ, विद्यालय व्यवस्थापन समिति, PABSON।
- **कार्यः** वैकल्पिक सिकाई केन्द्र (TLC) को स्थापना र शैक्षिक सामग्री प्याकेजको तयारी।

**९. बन्दोबस्ती (Logistics):**

- **अगुवा संस्थाः** गाउँपालिका/जिल्ला प्रशासन कार्यालय।
- **सहयोगी संस्थाहरूः** नेपाल प्रहरी, सशस्त्र प्रहरी बल।
- **कार्यः** इन्धन भण्डारण, ट्र्याक्टर र ट्रलीहरूको सूचीकरण र राहत ढुवानी संयन्त्र।

**१०. भौतिक पूर्वाधारः**

- **अगुवा संस्थाः** डिभिजन सडक कार्यालय/शहरी विकास डिभिजन।
- **सहयोगी संस्थाहरूः** जलस्रोत तथा सिंचाइ डिभिजन, नेपाल विद्युत प्राधिकरण।

- **कार्यः** अवरुद्ध सडक खोल्न डोजर र स्काभेटरको तयारी र विद्युत सेवा सुचारु राख्ने।

**११. शव व्यवस्थापनः**

- **अगुवा संस्थाः** जिल्ला प्रहरी कार्यालय/नेपाल प्रहरी।
- **सहयोगी संस्थाहरूः** नेपाल सेना, सशस्त्र प्रहरी, स्वास्थ्य कार्यालय, रेडक्रस।
- **कार्यः** मृत शरीरको पहिचान, पोस्टमार्टम र धार्मिक संस्कार अनुसारको व्यवस्थापन।

## ५. स्रोत नक्साङ्कन तथा क्षमता विश्लेषण (Resource Mapping)

### ५.१ मानवीय स्रोत

- **सुरक्षा जनशक्तिः** नेपाल प्रहरी र सशस्त्र प्रहरीका ठोरीस्थित पोस्टहरू।
- **स्वयंसेवकः** ५० जना तालिमप्राप्त खोज तथा उद्धार स्वयंसेवक।
- **महिला स्वास्थ्य स्वयंसेविका (FCHV):** प्राथमिक उपचारको लागि प्रत्येक वडामा परिचालन।

### ५.२ भौतिक स्रोत

- **भारी उपकरणः** गाउँपालिकाको १ थान डोजर र निजी क्षेत्रसँग समन्वय गरिएका २ थान स्काभेटर।
- **यातायातः** गाउँपालिका र रेडक्रसको एम्बुलेन्स, साना पिकअप भ्यानहरू।
- **भण्डारणः** वडा नं. २ र ४ मा रहेका सामुदायिक गोदाम घरहरू।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

### ५.३ वित्तीय व्यवस्थापन

- **विपद् व्यवस्थापन कोषः** गाउँपालिकाको वार्षिक बजेटको कम्तिमा २% रकम अनिवार्य रूपमा विपद् कोषमा विनियोजन गरिनेछ।

## ६. विपद् पूर्वतयारी तथा प्रतिकार्य रणनीति (Strategy and Operations)

### ६.१ पूर्व सूचना प्रणाली (Early Warning System)

- **सूचना प्रवाहः** विपद्को सूचना ठोरी गाउँपालिकाको Facebook पेज र स्थानीय रेडियोबाट प्रवाह गरिनेछ ।

### ६.२ प्रतिकार्य चरणहरू (Action Checklist)

| चरण | मुख्य कार्यहरू (Checklist) |
|---|---|
| विपद् पूर्व (Pre) | • राहत सामग्री र औषधि मौज्दात जाँच<br>• ५ वटै वडामा नमुना अभ्यास (Mock Drill)<br>• उच्च स्थानका सुरक्षित क्षेत्रहरूको सफाइ |
| विपद्को समयमा (During) | • LEOC पूर्ण समय सक्रिय र सुरक्षा परिचालन<br>• प्रारम्भिक द्रुत लेखाजोखा (IRA) संकलन<br>• घाइतेहरूको तत्काल उद्धार र अस्पताल स्थानान्तरण |
| विपद् पश्चात (Post) | • विस्तृत आवश्यकता पहिचान (MIRA) विश्लेषण<br>• पारदर्शी रूपमा एकद्वार प्रणालीबाट राहत वितरण<br>• भौतिक संरचना र सडकको तत्काल मर्मत |

## ७. अनुगमन, मूल्यांकन तथा सिकाई (M&E and Learning)

### ७.१ योजनाको परिमार्जन

यो योजनालाई प्रत्येक वर्षको जेठ महिनाभित्र मनसुन सुरु हुनु अगावै स्थानीय विपद् व्यवस्थापन समिति (LDMC) को बैठकबाट परिमार्जन र अद्यावधिक गरिनेछ।

### ७.२ नमुना अभ्यास (Mock Drill)

खोला तटीय बस्तीहरूमा बर्सेनि जेठको दोस्रो हप्ता बाढी र वन जंगल छेउका बस्तीहरुमा आगलागी, जंगली जनावर आतंकको बारेमा प्रतिकार्य नमुना अभ्यास सञ्चालन गरिनेछ। यसले स्थानीय समुदाय र सुरक्षा निकायबीचको समन्वय परीक्षण गर्नेछ।

**अनुमोदनः** यस 'ठोरी गाउँपालिका स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८३' लाई कार्यान्वयनका लागि स्वीकृत गरिएको छ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष